# ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤶᤗᤢᤱ ᤕᤢᤁᤧ
## ᤏᤢᤶᤒᤧ ᤜᤠᤐ — ᥈᥆᥈᥉

# किरात याक्थुङ चुम्लुङ यूके
## नियमावली - २०१३

ᤛᤡᤜᤡᤀᤠᤰᤌᤠ ᤋᤧᤱᤔᤢ ᤀᤠ ᤛᤧᤱᤏᤠᤶᤔᤠ

ᤏᤢᤶᤒᤧ ᤜᤠᤐ — ᥈᥆᥈᥉

## चौंथो संशोधन तथा परीमार्जित
## नियमावली - २०२३

ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤔᤳᤗᤢᤱ ᤕᤢᤁᤣ

किरात याक्थुङ चुम्लुङ यूके

**KIRAT YAKTHUNG CHUMLUNG UK**

## किरात याक्थुङ चुम्लुङ यूके
## सदस्यता सम्बन्धी नियमावली २०१३

## (चौंथो संशोधन २०२३)

किरात याक्थुङ चुम्लुङ यूकेको बिधान २००३ लाई किरात याक्थुङ चुम्लुङ यूकेको १०औ महाधिवेशन तथा पाचौ पटक र तेश्रो बिधान सभाले छैटौ पटक संशोधन गरे पश्चात किरात याक्थुङ चुम्लुङ यूकेको सशोधित बिधान बमोजिम किरात याक्थुङ चुम्लुङ यूकेको नियमावली २०१३ लाई चौंथो पटक सशोधन गरी लागु गरीएको छ। बिधान सभाको निर्णय अनुसार यस नियमावली र कार्य योजनाहरु अर्को केन्द्रीय कार्यसमितिले संशोधन नगरे सम्म यो नियमावली लागु हुने छ।

### खण्ड १
### प्रारम्भ

१. नाम :यो नियमावलीको नाम किरात याक्थुङ चुम्लुङ युके सदस्यता सम्बन्धी नियमावली २०१३ रहने छ।

२. यो नियमावली केन्द्रीय कार्यसमितिले पारीत गर्न साथ लागु हुने छ।

### खण्ड २
### परिभाषा

३ . परीभाषा: विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

३.१ "चुम्लुङ" भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेलाई बुझाउनेछ

३.२ "केन्द्रीय कार्यसमिति" भन्नाले किरात याक्थुङ चुम्लुङ युकेको केन्द्रीय कार्यसमितिलाई बुझाउने छ

३.३ "अध्यक्ष" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको अध्यक्षलाई बुझाउने छ।

३.४ "उपाध्यक्ष" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको उपाध्यक्षलाई बुझाउने छ।

३.५ "महासचिव" भन्नाले कियाचु युकेको केन्द्रीय कार्यसमितिको महासचिवलाई मात्र बुझाउने छ।

३.६ "सचिव" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको सचिवलाई बुझाउने छ।

३.७ "सह-सचिव" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको सह-सचिवलाई बुझाउने छ।

३.८ "कोषाध्यक्ष" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको कोषाध्यक्षलाई बुझाउने छ।

३.९ "सह-कोषाध्यक्ष" भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिको सह-कोषाध्यक्षलाई बुझाउने छ।

३.१० “केन्द्रीय सदस्य” भन्नाले केन्द्रीय कार्यसमितिका लागि शाखा चुम्लुङको अधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य लगायत केन्द्रीय कार्यसमितिले मनोनित गरेका विभागीय प्रमुखहरुलाई बुझाउनेछ ।

३.११ “सल्लाहकार”भन्नाले कियाचु यूकेको केन्द्रीय कार्यसमितिले चयन गरेका सल्लाहकारहरुलाई बुझाउने छ ।

३.१२ “तुम्याङहाङ” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको तुम्याङहाङहरुलाई बुझाउने छ ।

३.१३ “संरक्षक सदस्य” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको संरक्षक सदस्यलाई बुझाउने छ ।

३.१४ “आजीवन सदस्य” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको आजीवन सदस्यलाई बुझाउने छ ।

३.१५ “पन्जिकृत सदस्य” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको पन्जिकृत सदस्यलाई बुझाउने छ ।

३.१६ “मानार्थ सदस्य “ भन्नाले किरात याक्थूङ चुम्लुङ युकेको मानार्थ सदस्यलाई बुझाउनेछ ।

३.१७ “सदस्यता शुल्क” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेले तोकेको सदस्यता शुल्कलाई बुझाउने छ ।

३.१८ “कोष” भन्नाले किरात याक्थुङ चुम्लुङ यूकेको नाममा स्थापना गरिएको कोषलाई बुझाउने छ ।

३.१९ “याक्थुङ” शब्द “लिम्बु” लाई लिम्वू भाषामा “याक्थूङ” लेखिएको बुझ्नु पर्नेछ ।

३.२० “यूके”, “संयुक्त अधिराज्य बेलायत” वा “बेलायत” शब्दले एकै अर्थ लगाउछ ।

३.२१ “पदाधिकारी” भन्नाले केन्द्रीय कार्य समितिका अध्यक्ष, उपाध्यक्ष्यहरु, महासचिव, सचिव, सह सचिव, कोषाध्यक्ष र सह कोषाध्यक्षहरुलाई बुझाउनेछ ।

३.२२ “संरक्षक समिति” भन्नाले चुम्लुङको संरक्षक समितिलाई बुझाउनेछ ।

३.२३ “साधारण सभा” भन्नाले चुम्लुङको बार्षिक सभालाई बुझाउनेछ ।

३.२४ “चुम्लुङदेन ब्याबस्थापन समिति” भन्नाले चुम्लुङदेन ब्याबस्थापन गर्नका लागि गठित ब्याबस्थापन समितिलाई बुझाउनेछ ।

३.२५ “तेश्रो लिंगी” भन्नाले “पुरुष” र “स्त्री” बाहेक अन्य सबै खाले लिंगीहरुलाई बुझाउनेछ ।

३.२६ “पुलिंगी” शब्दले स्त्रीलिङी शब्दलाई समेत बुझाउदछ

३.२७ “व्यक्ति” शब्दले कानूनी वा प्राकृतिक दुबैलाई बुझाउदछ ।

३.२८ “एक वचन” शव्दले बहू बचनलाई समेत बुझाउदछ ।

३.२९ “शाखा समिति भन्नाले कियाचुको शाखा समितिलाई बुझाउने छ

## खण्ड-३
## सदस्य शुल्क

४. चुम्लुङको सदस्यता शुल्क देहाय बमोजिमको रहनेछ ।

४.१  पन्जिकृत सदस्यता शुल्क १० पाउण्ड (श्रीमान वा श्रीमतिको लागि थप शुल्क १० पाउण्ड तिर्नु पर्ने छ)।

४.२  आजीबन सदस्यता शुल्क २१० पाउण्ड (पन्जिकृत सदस्यले आजीवन सदस्य लिने भए श्रीमान र श्रीमतिको जम्मा £२१० र साधारण सदस्यले एकै चोटी (पन्जिकृत सदस्य नबनि) आजीवन सदस्य बन्न चाहेमा श्रीमान र श्रीमतिको लागि £२२० तिर्नु पर्ने छ)।

४.३  संरक्षक् सदस्यता शुल्क ५०० पाउण्ड (श्रीमान वा श्रीमतिको लागि थप शुल्क १० पाउण्ड तिर्नु पर्ने छ)।

४.४ संरक्षक, आजीबन र पन्जिकृत सदस्यको श्रीमान् वा श्रीमतीको हैसियतले दर्ता भएका सदस्यले नबिकरण गर्नु पर्दैन तर पन्जिकृत सदस्यले चाहि बर्षेनी (१०)पाउण्डका दरले तिरी नविकरण गर्नु पर्ने छ। यदि  मुख्य  सदस्यको मृत्यु भएमा मृतक पन्जिकृत सदस्य भए  निजको श्रीमति  वा श्रीमानले नबिकरण निरन्तर गर्नुपर्छ।

४.५ नबिकरणका लागि जुन सुकै महिनामा सदस्यता लिएता पनि हरेक वर्षको डीसेम्बर ३१ तारीक त्यो वर्षको सदस्यता समाप्त भई जनवरी १ बाट अर्को बर्षको लागि गन्ति शुरु हुनेछ।

४.६  आजिबन सदस्यले संरक्षक सदस्यता लिने भए धारा न. ४.३ अनुसार शुल्क बुझाउनु पर्ने छ।

४.७ पन्जिकृत सदस्यता प्रवेश शुल्क, श्रीमान् वा श्रीमतीहरुको आजीवन र संरक्षक् सदस्यता दर्ता शुल्कहरु केन्द्रीय सदस्य कल्याण कोषमा राखिने छ। पन्जिकृत सदस्यता नबिकरण  शुल्क र आजिबन सदस्यता शुल्क  भने पचास प्रतिशत केन्द्रीय सदस्य कल्याण कोषमा र पचास प्रतिशत् सम्बन्धित शाखाको कोषमा राखिने छ। शाखा नभएका क्षेत्रहरुको हकमा भने शतप्रतिशत केन्द्रीय सदस्य कल्याण कोषमा राखिने छ।

## खण्ड ४
## संरक्षक सदस्य बन्ने मापदण्डहरु

५  किरात याक्थुङ चुम्लुङ यू.के.को संरक्षक सदस्य बन्नको लागि देहाय बमोजिम मापदण्डहरु पुरा हुनु पर्ने छ।

५.१ पन्जिकृत सदस्यता लिए पछि निरन्तर कम्तिमा ५ वर्ष सम्म सक्रिय सदस्य भएको हुनु पर्ने छ।

५.२ किरात याक्थुङ चुम्लुङ यु.के.को कुनै पनि कारबाहीमा नपरेको हुनु पर्ने छ।

५.३ किरात याक्थुङ चुम्लुङ यु.के.को केन्द्रीय कार्यसमितिमा वा केन्द्रले बिगतमा गठन गरेको विघठित प्रोपटी पर्चेज कमिटिमा पुरा एक कार्यकाल गरेको हुनु पर्ने छ।

५.४  किरात याक्थुङ चुम्लुङ यू.के.ले तोकेको रकम तिर्नु पर्ने छ।

५.५ संरक्षक् सदस्यको काम र कर्तब्यहरु पुरा गर्न कटिबद्द र जिम्मवार हुनु पर्ने छ।

५.६ यी माथिका बुदाहरु सबै ठिक भएको नभएको छानबिन गरी केन्द्रीय कार्यसमितिले निर्णय गरी सदस्यता प्रदान गर्नेछ।

५.७ संरक्षक सदस्यको श्रीमान वा श्रीमती दर्ता गर्दा भने यी माथिका दफा ५,१ र ५.३ का मापदण्डहरु लागु हुने छैन।

## खण्ड ५
## सदस्यता आबेदन कार्यविधि

६. विधानमा तोकिएको योग्यता पुगेको लिम्बुले सदस्यता आबेदन देहाय बमोजिम गर्नुपर्ने छ।

६.१ नियमावलीको अनुसूची १ बमोजिमको सदस्स्यता फारममा चाहिने सबै बिबरण भरी तोकिएको सदस्यता र लिन चाहेको सदस्यताको प्रकार खोलि शाखा समिति मार्फत केन्द्रीय कार्यसमितिमा आबेदन गर्नु पर्ने छ।

६.२ अनुसूची १ बमोजिम आबेदन फारम संग २ प्रति फोटो सहित आफुलाई लिम्बु बंशज भएको वा लिम्बु संग बिबाह भएको उमेर खुलाउने कुनै पनि सरकारी मान्याता प्राप्त कागजात बुझाउनु पर्नेछ।

६.३ फारम प्राप्त गर्ने कार्यसमितका पदाधिकारी वा सदस्यले फारम को विवरण र कागजात जाच गरे पछि सक्कली कागजात निज आबेदकलाई तत्कालै फिर्ता गर्नु पर्ने छ।

६.४ प्राप्त सदस्यता आफेदन फारमहरु उपर जाच गरी केन्द्रिय कार्यसमितिको बैठकले प्रमाणित गरे पछी निज आबेदकलाई अनुसूची २ बमोजिमको सदस्यता प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।

६.५ सदस्यता नं. स्वीकृत आबेदन फारमको क्रम बद्दता बमोजिम हुनेछ। चुम्लुङमा दर्ता भएको सदस्यको सदस्यता नं. संग अंग्रेजी अक्षरको ए(A) र निजको श्रीमती वा श्रीमानको सदस्यता नं संग अंग्रेजी अक्षरको बि(B) रहनेछ।

६.६ सदस्यता आबेदन फारम संग सदस्यता शुल्क बुझिलीई त्यसको भर्पाई आबश्यकता परेमा निज आबेदकलाई उपलब्ध गराउनु पर्ने छ।

६.७ सदस्यता आबेदन अस्विकृत भए सो को कारण खुलाई निज आबेदकलाई सदस्यता शुल्क (लिएको भए ) र अन्य सम्बन्धित कागजातहरु फिर्ता गर्नु पर्नेछ।

६.८ चुम्लुङको संरक्षक, आजिबन र पन्जिकृत सदस्यको मृत्यु भएको भए निजको श्रीमतीले वा श्रीमानले १० पाउण्ड तिरी आफु दर्ता भई सोहि सदस्य नं बि(B) राखी निरन्तर गर्न सक्छ। मृतक संरक्षक र आजिबन सदस्य रहेको भए नबिकरण गर्न नपर्ने तर पन्जिकृत सदस्य भए बर्षेनी नबिकरण गर्नु पर्ने छ।

६.९ चुम्लुङको कुनै पन्जिकृत सदस्यको पारपाचुके भईसकेको अबस्था भए चुम्लुङमा सदस्यको रुपमा जो दर्ता छ उसले उक्त सदस्यता नं पाउछ। बि.(B) न. सदस्यले नयाँ सदस्यता आबेदन गर्नु पर्नेछ।

६.१० एकै व्यक्तिलाई दुई वा सो भन्दा बढी सदस्यता नं बितरण गरीएको भए निजको इच्छा अनुसार सदस्यता नं कायम रहने छ तर सदस्यता शुल्क तिर्न बाकि भए अन्तिम ३ बर्षको शुल्क बुझाउनु पर्ने छ र सो शुल्क बुझाएको ३ महिना पुरा भए पछि मात्र संस्थाको सेवा सुबिधाहरु पाउने छ।

६.११ पन्जिकृत सदस्यको रुपमा श्रीमान् र श्रीमती दुवै जना दर्ता भएको भए श्रीमान् वा श्रीमती को दर्ता शुल्क बुझाउनु पर्दैन। सदस्य नं चाहि श्रीमानको कायम राख्ने कि श्रीमतीको राख्ने त्यो छान्नु पर्छ तर दुवै सदस्यता राख्न चाहेमा बार्षिक नबिकरण शुल्क बुझाई आ-आफ्नो सदस्यता नं कायम राख्न पाउने छ।
६.१२ श्रीमान् वा श्रीमति दर्ता गर्दा मुख्य सदस्य जुन प्रकारको सदस्य हो सोहि प्रकार को सदस्यता प्रदान गरिन्ने छ।

## खण्ड ६
## सहयोग तथा सुबिधा

७ संरक्षक, आजिबन र पन्जिकृत सदस्यहरु चुम्लुङको सदस्यको सदस्य भए वापत देहाय बमोजिमको सहयोग तथा सुबिधाको हकदार हुनेछन।
७.१ चुम्लुङको संरक्षक, आजिबन वा पन्जिकृत सदस्यको बेलायतमा वा अन्य जुन सुकै मुलुकमा मृत्यु भए पनि सदस्य कल्याण कोषबाट एक हजार (£१००० ) पाउण्ड सहयोग पाउनेछन, तर उक्त सहयोग पाउनका लागि निम्न बमोजिमको मापदण्डहरु पुरा भएको हुनु पर्नेछ।
७.२ मृतक किरात याक्थुङ चुम्लुङ युकेमा संरक्षक, आजिबन वा पन्जिकृत (कुनै एक) सदस्यको रुपमा दर्ता भएको हुनु पर्नेछ।
७.३ मृतक यदि पन्जिकृत सदस्य भएमा बिगत तिन बर्ष यता लगातार कुनै पनि बर्ष नबिराईकन अघिल्लो बर्ष सम्मको नबिकरण गरेको हुनु पर्नेछ (यो बुदा संरक्षक र आजीवन सदस्यहरुलाई लागु हुने छैन)।
७.४ मृतकको नयाँ पन्जिकृत वा आजीवन सदस्यता आबेदन भए आबेदन गरी शुल्क बुझाएको मितिले ३ (तिन) महिना पुरा भएको हुनु पर्नेछ।
७.५ यदी आफ्नो सद्स्यतालाई ३ बर्षको नियामित नविकरण गरेको मापदण्ड पुरा गर्ने हो भने नविकरण गर्न लागेको बर्ष भन्दा २ बर्ष अगाडि सालको शुल्क सहित £20 बुझाउनु पर्ने अनी मात्र ३ बर्षको नियामित नविकरण गरेको ठहर हुने छ र कल्याणकारी कोषबाट लाभान्वित हुनको लागि भने नयाँ सदस्य जस्तो तिन महिना नै पर्खिन्नु पर्ने छ। यो ३ बर्षको नियामित मापदण्ड मार्फत र नयाँ आबेदन दिई आजीवन सदस्य लिनु हुनेहरुलाई पनि सोहि बमोजिम नै लागु हुने छ।
७.६ मृतक किरात याक्थुङ चुम्लुङ युकेको सदस्यको श्रीमति वा श्रीमान् भए चुम्लुङमा सदस्यको रुपमा दर्ता भएको हुनु पर्नेछ।
७.७ गलत विवरण दीई लिएको प्रमाणित भएमा चुम्लुङ को सदस्यबाट सहयोगबापत रकम असुल गरी पुन: सदस्य कल्याण कोषमा दाखिल गर्नु पर्ने छ। सहयोग रकम फिर्ता नगरे त्यस्ता सदस्यको सदस्यता केन्द्रीय कार्यसमितिले खारेज गर्ने छ ।

## खण्ड ७
## सहयोग आबेदन

८. सदस्य कल्याण कोष बाट सहयोग प्राप्त गर्नका लागि देहाय बमोजिम केन्द्रीय कार्यसमितिलाई आबेदन दिनु पर्ने छ।

८.१ चुम्लुङको सदस्यको मृत्यु भएमा सो बमोजिमको निबेदन श्रीमानको हकमा श्रीमतीले श्रीमतीको हकमा श्रीमानले र एकल आमा वा बाबुको हकमा छोरा वा छोरीले सम्बन्धित शाखा मार्फत निबेदन गर्नु पर्नेछ।

८.२ दफा नं १ बमोजिमको निबेदन शाखा समितिमा निबेदन दर्ता भएको ७ (सात) दिन भित्र केन्द्रीय समितिलाई जानकारी गराउनु पर्नेछ।

८.३ निम्न बमोजिमको सहयोग पाउनको लागि पेश गरीएको निबेदन संग सम्भव भएमा मृत्यु प्रमाणपत्र र मृतक र निबेदक बिचको नाता-प्रमाणित कागजपत्र उपलब्ध गराउनु पर्ने छ।

८.४ शाखा समितिका पदाधिकारी वा सदस्य बाट दफा ८.२ बमोजिमको जानकारी प्राप्त हुनासाथ केन्द्रीय कार्यसमितिका सम्बन्धित पदाधिकारीहरुले मृतकले नियम बमोजिम आर्थिक सहयोग पाउने नपाउने जाच गरी पाउने भए तुरुत निबेदनमा उल्लेख गरीएको बैंक खातामा रकम जम्मा गर्ने वा चेक हस्तान्तरण गर्नु पर्ने छ।

८.५ आफ्नो परीवार वा नजिकको नातेदार कोहि नभएको चुम्लुङको संरक्षण, आजिबन वा पन्जिकृत सदस्यको मृत्यु भएमा सम्बन्धित शाखाले निज सदस्यले पाउने सहयोग रकम लिई निजको आस्था बमोजिम अन्त्यष्टि गर्नेछ।

८.६ आमाबाबु दुबैजनाको मृत्यु भई नाबालक संतानहरु मात्र रहेको भए सम्बन्धित शाखा वा चुम्लुङको प्रतिनिधिले सहयोग रकम बुझिलीई मृतक सदस्यको नजिकको नातेदार सहित मृतकको आस्था बमोजिम अन्त्येष्टि गर्नु पर्ने छ।

८.७ एकै समयमा चुम्लुङको धैरै जना सदस्यहरुको मृत्यु भई सदस्य कल्याण कोषमा दफा ७.१ बमोजिमको सहयोग प्रत्येक मृतक सदस्यहरुको लागि प्रयाप्त नभए जे जति पुग्छ दामासाहीले प्रदान गर्नु पर्ने छ।

८.८ चुम्लुको सदस्यको मृत्यु भएको ६ महिना भित्र दफा नं ७.१ बमोजिम को सहयोगका लागि निबेदन चुम्लुङमा प्राप्त नभएमा निजले पाउने सहयोग स्वत समाप्त हुनेछ।

८.९ सहयोग रकम प्रदान गरेपछि सोको भर्पाई वा सम्बन्धित व्यक्तिले पाप्त गरेको व्यहोराको लिखित जानकारी लिनु पर्नेछ।

## खण्ड ८
## बसाई सराई, गोपनियता र अभिलेख

९. चुम्लुङको संरक्षक, आजिबन र पन्जिकृत सदस्य संयुक्त अधिराज्य बेलायत भित्रको जुनसुकै क्षेत्रमा बसाई सरेता पनि निजको सदस्यता कायम रहने छ।

९.१ बसाई सर्ने सदस्यले बसाई सराईको लिखित जानकारी सम्बन्धित शाखालाई जानकारी गराउनु पर्ने छ।

९.२ कुनै सदस्यले आफु अन्यत्र स्थायी रुपले बसाई सरेको लिखित जानकारी शाखा समितिमा आए पछि शाखा समितिले निज सदस्य जान लागेको क्षेत्रमा चुम्लुङको शाखा भए सो शाखा समितिलाई र शाखा नभए केन्द्रीय कार्यसमितिलाई लिखित जानकारी गराउनु पर्ने छ।

९.३ चुम्लुङका सम्पूर्ण संरक्षक, आजिबन र पन्जिकृत सदस्यहरुको मुल फाईल केन्द्रीय कार्यसमितिको अध्यक्ष र महासचिबले तोकेको कुनै पनि एक पदाधिकारीको रेख देखमा राख्नु पर्ने छ। सम्बन्धित शाखामा बसोबास गर्ने सदस्यको प्रतिलिपि फाईल शाखा समितिको सचिब वा कोषध्यक्षको रेख देखमा राखिनु पर्नेछ।

## खण्ड ९
## संसोधन तथा खारेजी

१० यो नियमावली केन्द्रीय कार्यसमितिको बहुमतले संसोधन गर्न सक्ने छ ।

१०.१ यो नीयमावलीमा बुदाहरु बिधान वा युकेको प्रचलित कानुन संग बाझिएको खण्डमा त्यो बाझिएको बुदा स्वत:खारेज हुने छ।

# अनुसुची १

## सदस्यता आवेदन फारम

## Membership Application Form

ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤔᤣᤗᤢᤱ ᤕᤢᤁᤣ

**KIRAT YAKTHUNG CHUMLUNG UNITED KINGDOM**

**किरात याक्थुङ चुम्लुङ यूके**

Email: chumlung.org@gmail.com, kycuk.member.org@gmail.com
www.chumlunguk.org, Reg No: 7867712(2011)

### MEMBERSHIP APPLICATION FORM

(In accordance with the KYCUK membership regulation 2013 (3rd amendment) Annex 1

| | | | | | |
|---|---|---|---|---|---|
| Title: | | First Name: | | Surname: | |
| DOB: | | Middle Name | | Nationality: | |
| Address in Nepal (Optional): | | | | | |

| | | | |
|---|---|---|---|
| Home Address:<br><br>Contact No:<br>Email: | | | PHOTO |
| Family Member (s) | Mrs/Mr: | | |
| Under 18 Child 1 | Mr/Miss | | |
| Under 18 Child 2 | Mr/Miss | | |
| Under 18 Child 3 | Mr/Miss | | |
| Under 18 Child 4 | Mr/Miss | | |
| Under 18 Child 5 | Mr/Miss | | |

All personal information provided in this form are true to the best my knowledge. I hereby express my agreement to abide by the KYCUK constitution. I express my consent to use my information for the verification of application process and internal use only. The data shall not be supplied to the third parties.

I wish to be the (please tick) ☐ PATRON ☐ LIFE ☐ REGISTERED Member of the KYCUK.

| | |
|---|---|
| Signature: | Date: |

### FOR OFFICIAL USE ONLY:

Received:

☐ Application Form
☐ Two Passport size photo
☐ Membership application fee Cash £......................... Cheque No: ......................... Bank Deposit: .......................................

In accordance with the article 15.1 of the KYCUK constitution, the Central Committee has verified and approved membership application submitted by Mr/Mrs ............................................................... on ....................................... is hereby awarded (membership) ................................... member.

| | |
|---|---|
| Approved by: | Appointment: |
| Signature: | Date: |

# अनुसुची २

## सदस्यता प्रमाण पत्र

Membership Certificate



KIRAT YAKTHUNG CHUMLUNG UK

CERTIFICATE OF REGISTERED/LIFE/PATRON MEMBERSHIP

This certificate is proudly presented to

MR/MRS

Membership No: 00000 A/B

FOR:

In recognition and sincere appreciation of outstanding loyalty and contribution to the KYC UK. This honor recognises your commitment as a Registered/Life/Patron member since 2021.

With Congratulations and sincere thanks

VENUE:

KYC UK, Chumlungden, Yalding, Maidstone, Kent, England, UK

Date: 15 Jul 2023

किरात याक्थुङ चुम्लुङ यूके केन्द्रीय कार्यसमिती

PRESIDENT | KYC UK

GEN SECRETARY | KYC UK

**अनुसुची ३**


**सदस्यता परिचय पत्र**

**Membership Card**




**सदस्यता परिचय पत्रको अगाडी भागको परिभाषा:**

सदस्यता परिचय पत्रको माथि र तलको भागमा चुम्लुङलाई प्रतिनिधि गर्ने निलो रंगको फराकिलो धर्का, माथिल्लो भागको देब्रेमा नेपाल र दाहिनेमा यूकेको झण्डा र बिच भागमा तिन भाषामा कियाचु यूकेको नाम, परिचय पत्रको मध्य भागमा देब्रेमा सदस्यको फोटो र बारकोड, दाहिनेमा कियाचु यूकेको छाप, बिचमा लिम्बु (याक्थुङ) हरुको आस्थाको केन्द्र, आदिम थलो र पवित्र फक्ताङलुङ हिमालको फोटो र परिचय पत्रको पिष्टभुमिमा तिन भाषाको छड्के दिशामा लेखिएको सँस्थाको पुरा नाम रहेको छ।




**सदस्यता परिचय पत्रको पछाडी भागको परिभाषा:**

सदस्यता परिचय पत्रको माथि र तलको भागमा चुम्लुङलाई प्रतिनिधि गर्ने निलो रंगको फराकिलो धर्का, माथिल्लो भागमा लहरै याक्थुङ\लिम्बुहरुको मौलिक तथा सिलाम साक्मा लोगोहरु, तल्लो भागमा कियाचु यूकेको आधिकारीक सम्पर्क बिवरण अंग्रेजीमा, बिचमा लिम्बु (याक्थुङ) हरुको आस्थाको केन्द्र, आदिम थलो र पवित्र फक्ताङलुङ हिमालको फोटो र परिचय पत्रको पिष्टभुमिमा तिन भाषाको छड्के दिशामा लेखिएको सँस्थाको पुरा नाम  रहेको छ।

अनुसुची ४

सदस्यताको भर्पाई ससिद

Membership Application Receipt


KIRAT YAKTHUNG CHUMLUNG UNITED KINGDOM

किरात याक्थुङ चुम्लुङ युके

Email: chumlung.org@gmail.com, kycuk.member.org@gmail.com

www.chumlunguk.org, Reg No: 7867712(2011)


## KYC UK MEMBERSHIP APPLICATION RECEIPT

☐ Membership Application Form ☐ Two Copy of Photographs

☐ Membership Registration Fee ☐ Cash £ ….............. ☐ Cheque No: ......................…

☐ Bank Deposit (Payment Slip Required) Ref: …..........................................

In accordance with the constitution of Kirat Yakthung Chumlung UK, the Central Executive Committee has verified and approved the the membership application submitted by the applicant date: DD /MM /YYYY Mr/Mrs/Ms: ……………………………………………….. is hereby entrusted as a bona fide member of the Kirat Yakthung Chumlung UK.

☐ **PATRON** ☐ **LIFE** ☐ **REGISTERED**

Membership No: …...................... A I B

Approved by: Name: …...................................................... Signature: …..........................................

Date: DD /MM / YYYY

Appointment: …................................................................

## अनुसुची ५

## स्थानान्तरण प्रमाण पत्र

## Certificate of Transfer

**स्थानान्तरण प्रमाण पत्र**

Certificate of Transfer

किरात याक्थुङ चुम्लुङ यु.केको संरक्षक/आजीवन/पंजीकृत सदस्यको नाम श्री मान/श्रीमती/सुश्री: ........................................

.................................................................... सदस्य न. ........................................................................यस

शाखा(शाखाको नाम): ..............................................................................................................................बाट

मिति: .........................................देखि(शाखाको नाम) ..........................................................मा स्थायी रुपमा बसाई सराई सरेको हुनाले सोहि बमोजिम शाखा वा केन्द्रको अभिलेखमा अपडेट गर्न अनुरोध गरीन्छ।

सम्बन्धीत शाखा पदाधिकारीको हस्ताक्षर: ...............................................................

नाम: ...............................................................

पद: ...............................................................

मिति: ...............................................................

## किरात याक्थुङ चुम्लुङ यु.के.को निर्बाचन सम्बन्धि नियमावली २०२०

किरात याक्थुङ चुम्लुङ यु.केको केन्द्रीय पदाधिकारीहरुको निर्बाचन सम्पन्न गर्न आवस्यक भएमा, किरात याक्थुङ चुम्लुङ यु.केले सन् २०२० जुलाई १८ तारीख पारीत गरी लागु गरेको नियमावलीलाई कियाचु युके को १०औ केन्द्रीय कार्य समितिले सन् १८ नोभेम्बर २०२३ का दिन दोश्रो पटक सम्सोधन गरि लागु गरेको छ।

### खण्ड १
### प्रारम्भ

१.नाम: यो नियमावलीको नाम  किरात याक्थुङ चुम्लुङ यु.केको निर्बाचन सम्बन्धि नियमावली २०२० रहनेछ। यो नियमावली किरात याक्थुङ चुम्लुङ यु.केकोको संक्षिप्त निर्बाचन सम्बन्धि नियमावली रहनेछ।

२.प्रारम्भ : यो नियमावली किरात याक्थुङ चुम्लुङ यु.के.को केन्द्रीय कार्यसमितिले पारीत गर्न साथ् लागु हुनेछ।

### खण्ड २
### परिभाषा

३. बिषय वा प्रसंगले अर्को अर्थ नगए सम्म यो नियमावलीमा –

३.१ ‘’निर्बाचन समिती’’ भन्नाले किरात याक्थुङ चुम्लुङ यु. के. को केन्द्रिय पदाधिकारीहरुले निर्बाचन प्रायोजनको लागि गठन गरेको समितिलाई बुझाउने छ।

३.२ ‘’निर्बाचन सम्बन्धि नियमावली’’ भन्नाले किरात याक्थुङ चुम्लुङ यु. के. को निर्बाचन सम्बन्धि नियमावली २०२० लाई बुझाउने छ।

### खण्ड ३
### निर्बाचन समितिको काम, कर्तब्य र अधिकार

४. किरात याक्थुङ चुम्लुङ यु.के. को केन्द्रीय कार्यसमितिको विधानको धारा २८ बमोजिम निर्बाचन प्रयोजनको लागि गठित निर्बाचन समितिको काम कर्तब्य र अधिकारहरु देहाय बमोजिम हुनेछ।

४.१ कार्यसमितिको निर्णय बमोजिम निर्बाचन सम्पन्न हुने मिति, समय र मतदान हुने स्थानको सुचना प्रकाशित गर्ने।

४.२ किरात याक्थुङ चुम्लुङ यु.केकोको आधिकारीक वेबसाईटमा मतदाता नामावली प्रकाशन गर्ने, नाम छुटेको वा अन्य विवरण गलत भएको भए निबेदन बमोजिम सच्याई पुन:प्रकाशित गर्ने।

४.३  उम्मेद्वारी दर्ता मिति, समय र उमेद्वारी दर्ता आबेदन गर्ने स्थान तोक्ने।

४.४  उम्मेद्वारी फिर्ता लिने, दाबि बिरोध गर्ने वा विवरण सच्याउने मिति  र समय तोक्ने।

४.५ नियमावलीको दफा नं ७ र विधानको धारा १३(५)बमोजिम उम्मेद्वारको योग्यता पुगे नपुगेको जाच गरी अनुसूची बमोजिम को फारम रित पुर्बक भरी बुझाएको उम्मेद्वार दर्ता आबेदन बुझिलेने।
४.६ मतदाताको चुम्लुङको सदस्यता पत्र वा नियमावली को दफा नं ७ को उपदफा ६ मा तोकिएको अन्य कागजातहरु जाच गरी नियमावोलिको अनुसूची ४ बमोजिमको मतपत्रमा हस्ताक्षर् गरी मतदातालाई उपलब्ध गराउने।
४.७ कार्य समितिको निर्णय बमोजिम तोकिएको क्षेत्रमा मतदान केन्द्रको ब्यबस्थापन गर्ने।
४.८ मतदान ब्यबस्थापनको लागि आवस्यक निर्बाचन अधिकृत तथा आवस्यक स्वयंसेवक हरुको व्यवस्था गर्ने। तर कुनै उम्मेद्वारले कुनै स्वयंसेवकलाई नखटाउन निर्बाचन समिति समक्ष् अनुरोध गरेमा निज स्वयमसेवकलाई मतदान केन्द्रमा कुनै किसिमको जेम्मेवारी दिन हुने छैन।
४.९ मतदान सम्पन्न भई सके पश्चात सबै उम्मेद्वारको वा निजहरुको प्रतिनिधिको रोहवरमा मतपेटिका शिलबन्दी गर्ने।
४.१० सुरक्षित् ठाउमा सबै उम्मेद्वार वा निजहरुको प्रतिनिधिको रोहबारमा मत गणना सम्पन्न गर्ने।
४.११ बिजयी उम्मेद्वारहरुको नाम घोषणा गर्ने।
४.१२ निर्बाचन सफल पार्न आवस्यक उपायहरुको अधिकतम उपयोग गर्ने।
४.१३ कार्यसमितिले पारीत गरी लागु गरेको निर्बाचन समिति आचार सहिताको पुर्ण रुपमा पालना गर्दै निर्बाचन सम्बन्धि कार्यहरु गर्नु पर्ने छ।
४.१४ निर्बाचन सम्पन्न भई निर्बाचन परीणाम घोषणा पश्चात निर्बाचित केन्द्रीय कार्यसमितिहरु (शाखाहरु बाट खटाइएको केन्द्रीय सदस्यहरु सहित) विधानको अनुसुची चार (४) बमोजिम सपथग्रहण गराउने।
४.१५ केन्द्रीय कार्यसमितिको सपथग्रहण सम्पन्न हुनु संग सगै निर्बाचन समिति पनि स्वत: बिघटन हुने छ।

## खण्ड ४
## उम्मेद्वारको योग्यता

५ . किरात याक्थुङ चुम्लुङ यु.के. को केन्द्रीय कार्यसमितिको निर्बाचनमा उम्मेद्वार बन्नका लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ।
५.१ निजको सदस्यता बहाल रहेको हुनु पर्नेछ।
५.२ केन्द्रीय कार्यसमितिको अध्यक्ष वा महासचिब पदमा उम्मेद्वार बन्नको लागि केन्द्रीय कार्यसमितिमा कम्तिमा एक कार्यकाल वा शाखा अध्यक्षका रुपमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ। केन्द्रीय कार्यसमितिका अन्य पदहरुमा उम्मेद्वार बन्न शाखा चुम्लुङमा कुनै पनि पदमा रहि सफलता पुर्बक कम्तिमा एक कार्यकाल गरेको हुनु पर्नेछ।

५.३ एकै परिवारको सदस्यहरुले (श्रीमान, श्रीमति, बाबु, छोरा वा छोरी) केन्द्रीय पदाधिकारीको निमित्त दुई वा दुई भन्दा बढी उम्मेद्वारको लागि दरखास्त दिन पाउने छैन।
५.४ बेलायत वा अन्य कुनै मुलुकको अदालतमा फौजदारी अभियोगमा मुद्दा चलिरहेको हुनु हुदैन।
५.५ बेलायतको प्रचलित कानुनले बन्देज लगाएको हुनु हुदैन।
५.६ किरात याक्थुङ चुम्लुङ यु.के.को केन्द्रीय कार्यसमितिको निर्बाचनमा मतदान गर्न चुम्लुङको सक्रिय सदस्य हुनु पर्नेछ।
५.७ अध्यक्ष, महासचिब र कोषाध्यक्षका उम्मेदवारले अन्य सस्थाको प्रमुख ५ कार्यकारी पद ग्रहण गर्न नहुने। स्पस्टिकरण: ५ प्रमुख कार्यकारी पद भन्नाले अध्यक्ष, उपाध्यक्ष, महासचिब, सचिब र कोषाध्यक्षलाई बुझाउछ।

## खण्ड ५
## उम्मेद्वारी दर्ता

६. नियमावलीको अनुशुची २ बमोजिमको फारममा रितपुर्बक विवरण भरी तोकिएको बमोजिमको कागजात तथा उम्मेस्वारी दर्ता निर्बाचन समितिले तोकेको मिति समय भित्र निर्बाचन समितिमा बुझाउनु पर्नेछ।
६.१ निर्बाचन समितिले तोकेको समय भित्र उम्मेदवारी दर्ता गर्नु पर्ने छ।
६.२ निर्बाचन समितिले तोकेको समय भित्र उम्मेदवारी फिर्ता गर्न सक्ने छ।
६.३ उम्मेद्वार बन्नको लागि देहायको कागजात निर्बाचन समितिलाई बुझाउनु पर्नेछ।
६.४ सक्रिय सदस्य भएको ठोस प्रमाण (निर्बाचन समितिले मागेको खण्डमा मात्रै) उपलब्ध गर्नु पर्ने छ।
६.५ चुम्लुङ युके को अध्यक्ष, महासचिब र कोषध्यक्षको लागि उम्मेद्वार दिएको व्यक्ति यदि अन्य संघ, संस्था वा राजनीति पार्टीको प्रमुख ५ कार्यकारी पदमा आबद्ध भएको भए राजीनामा दिएको वा पद समाप्त भएको प्रमाण पत्र बुझाउनु पर्ने छ।

## खण्ड ६
## मतपत्रको ढाचा, उम्मेद्वारको नामक्रम र मत चिन्ह

७. मतपत्र नियमावलीको अनुसूची ४ बमोजिम हुनेछ। मतपत्रमा हरेक पदको उम्मेदवारको नामक्रम सम्बन्धित पदको कोष्टमा अंग्रेजी अक्षर् को शुरु क्रमबाट हुने छ।
७.१ मतपत्रमा निर्बाचन समितिले तोके बमोजिमको मत चिन्ह लगाउनु पर्ने छ।

## खण्ड ७
## मतपत्र बदर हुने

८. देहायको अबस्थामा मतपत्र बदर हुने छ।

८.१ मतपत्रमा मत संकेत प्रष्ट नभएमा।

८.२ मतपत्रमा मत संकेत प्रष्ट भएको तर कुन उम्मेद्वारको लागि मतदान गरेको हो सो स्पष्ट नभएमा।

८.३ निर्बाचन समितिले तोके भन्दा फरक मत चिन्ह प्रयोग गरेमा।

८.४ मतपत्रमा पद संख्या भन्दा  बढी उम्मेद्वारको नाममा मत संकेत गरेमा।

८.५ मतपत्रमा निर्बाचन अधिकृतको हस्ताक्षर् नभएमा।

## खण्ड ८
## संसोधन तथा खारेजी

९.यो नियमावली बिधान तथा बेलायतको प्रचलित कानुन संग बाझिएको हद सम्म स्वत:खारेज हुनेछ।

९.१ यो नियमावली केन्द्रीय कार्यसमितिको साधारण बहुमतले सशोधन गर्न सक्नेछ।

## अनुसूची १
## निर्बाचन आचार संहिता

१. लिखित वा मौखिक रुपमा कुनै पनि संचार माध्यमहरु मार्फत अन्य प्रत्यासीलाई आफु अमर्यादित गालि गलौज र व्यक्तिगत लाच्छाना लगाउन पाइने छैन, यदि गरेको प्रमाणित भएमा सम्बधित उम्मेदवारले सो भनाई वा गराईलाई सार्बजानिक रुपमा स्पष्टीकरण गर्नु पर्ने छ।

२. कुनै पनि संघ संस्था वा निकाय संगको आफ्नो आवघ्द्ता दर्शाउदै निर्बाचनमा मत माग्न वा निर्बाचन प्रभावित हुने कुनै पनि गतिबिधि गर्न पाइने छैन।

३. निर्बाचन समितिले चुनाबी प्रचार प्रसार अभियानका लागि तोकेको मिति र समय कडाईका साथ पालना गर्नु पर्ने छ।

## अनुसूची २
## उम्मेद्वारी मनोनयन फारम

उम्मेद्वारको नाम: ..........................................................................................किंयाचु यूके

सदस्यता नं: ..........................................उम्मेद्वारी दिएको पद: ............................................

किरात याक्थुङ चुम्लुङ यूकेकोको केन्द्रीय कार्यसमितिको माथि उल्लेखित पदका लागि नियमावली बमोजिम आफु योग्य रहेको कुरा निर्बाचन समिति समक्ष जाहेर गर्दै उमेद्वार दर्ता फारम भरी बुझाएको छु। दिएको विवरण गलत साबित भएमा मेरो उम्मेद्वारि स्वत:खारेज होस्। उम्मेदवारीका लागि आवस्यक कागजात यसै फारमसंग बुझाएको छु। किरात याक्थुङ चुम्लुङ यूकेको बिधान तथा नियमावली मा ब्यबस्थित सबै शर्तहरुको पालना गर्ने छु।

उम्मेदवारको हस्ताक्षर्: ..........................................

मिति: ...................................................................

कार्यालय प्रयोजनका लागि मात्र ........................................................................................

आबेदन प्राप्त मिति: ..............................................

आबेदन संग प्राप्त कागजातहरु: ...........................................................................................

**अनुसूची ३**
**मतपत्र**

मतपत्रको संख्या: ....................................

किरात याक्थुङ चुम्लुङ यूके केन्द्रीय कार्यसमितिका पदाधिकारीहरुको निर्वाचन प्रयोजनका लागि नमुना मतपत्र

| **पद** | **उम्मेदवारको नाम (फोटो सहित )** | **मत संकेत** | **मतको छाप** |
|---|---|---|---|
| अध्यक्ष १ जना | १ | PHOTO | |
| | २ | PHOTO | |
| उपाध्यक्ष ४ जना | १ | PHOTO | |
| | २ | PHOTO | |
| | ३ | PHOTO | |
| | ४ | PHOTO | |
| महासचिव १ जना | १ | PHOTO | |
| | २ | PHOTO | |
| सचिव १ जना | १ | PHOTO | |
| | २ | PHOTO | |
| स-सचिव १ जना | १ | PHOTO | |
| | २ | PHOTO | |
| कोषाध्यक्ष १ जना | १ | PHOTO | |
| | २ | PHOTO | |
| स-कोषाध्यक्ष – १ | १ | PHOTO | |
| | २ | PHOTO | |
| स-कोषाध्यक्ष - २ | १ | PHOTO | |
| | २ | PHOTO | |

**हस्ताक्षर: ....................................................**
**निर्बाचन अधिकृतको**
**नामः ...........................................................**

**हस्ताक्षर: ................................................**
**निर्बाचन सदस्य सचिवको**
**नामः ...................................................**

## किरात याक्थुङ चुम्लुङ यु.के. चुम्लुङदेन सम्बन्धि नियमावली २०१८

किरात याक्थुङ चुम्लुङ यु.केको बिधान २००३ लाई किरात याक्थुङ चुम्लुङ युके केन्द्रीय कार्यसमितिको दशौं महाधिबेशनको जनादेश अनुसार बसेको बिधान सभाले छैटौं पटक सम्सोधन गरे पश्चात किरात याक्थुङ चुम्लुङ यूकेको बिधान २००३ छैटौं सम्सोधित २०२२ बमोजिम किरात याक्थुङ चुम्लुङ यु.के. चुम्लुङदेन सम्बन्धि नियमावली २०१८ लाई दोश्रो पटक सम्सोधन गरि लागु गरिएको छ।

### खण्ड १
### प्रारम्भ

१.नाम: यो नियामावलीको नाम किरात याक्थुङ चुम्लुङ यु.के. चुम्लुङदेन सम्बन्धि नियमावली २०१८ रहने छ। यो नियमावलीको सक्षिप्त नाम चुम्लुङदेन नियमावली रहेनछ।

२.प्रारम्भ: यो नियमावली केन्द्रीय कार्यसमितिको बहुमतले पारीत गर्न साथ लागु हुने छ।

### खण्ड २
### परिभाषा

३. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागे सम्म यो नियमावलीमा।

३.१ "चुम्लुङ" भन्नाले किरात याक्थुङ  चुम्लुङ युकेलाई बुझाउने छ।

३.२ "चुम्लुङहिम" भन्नाले चुम्लुङदेनको बानलाई बुझाउने छ।

३.३ "केन्द्रीय कार्यसमिति"भन्नाले किरात याक्थुङ चुम्लुङ यु.केको केन्द्रीय कार्यसमितिलाई बुझाउने छ।

३.४ "शेयर धारक" भन्नाले किरात याक्थुङ चुम्लुङ यु.के लिमिटेडको नाममा दर्ता रहेको जग्गा खरीद गर्न वा त्यस जग्गामा बन्ने विभिन्न संरचना निर्माणका लागि न्युनतम ३७५ पाउण्ड योगदान गर्ने व्यक्ति वा निजको श्रीमान् वा श्रीमतीलाई बुझाउने छ।

३.५ ससर्त योगदान वा अंग्रेजीमा ''Conditional Contribution'' भन्नाले किरात याक्थुङ चुम्लुङ यु.के. को उदेश्य बमोजिमका गतिबिधिहरु गर्न र युकेबासी याक्थुङहरुको पहिचान पुस्तादरपुस्ता कायम गर्नका लागी खरीद गरी सन्चालन गरिन्ने  चुम्लुङदेन किरात याक्थुङ चुम्लुङ यु.के लिमिटेड बिघटन भएमा वा चुम्लुङदेन तोकिएको उदेश्य भन्दा फरक उदेश्यका लागि संचालन गरिन्ने  भएमा तत्कालिन समयको जग्गाको दरभाउ बमोजिम समानुपातिक हिसाब बमोजिम दिईएको योगदान सम्बन्धित दातालाई वा निजले तोकेको व्यक्तिलाई फिर्ता गरिन्ने शर्तमा लिईएको योगदानलाई बुझाउने छ।

३.६ "दाता प्रमाण पत्र" भन्नाले अनुसूची बमोजिम चुम्लुङदेन खरीद या यसको बिकाशका लागि न्युनतम ३७५ पाउण्ड वा सो भन्दा बढी योगदान लिएको हो भनि सम्बन्धित दातालाई केन्द्रीय कार्यसमिति बाट प्रदान गरीएको प्रमाण पत्रलाई बुझाउनेछ।

३.७ "चुम्लुङदेन दाता कार्ड" भन्नाले किरात याक्थुङ चुम्लुङ यु.के. केन्द्रीय कार्यसमितीले चुम्लुङदेन दातालाई उपलब्ध गराएको कार्डलाई बुझाउनेछ।
३.८ "निर्देशक" भन्नाले किरात याक्थुङ चुम्लुङ यु.के. लिमिटेडको बोर्ड अफ डाईरेक्टरहरुलाई बुझाउने छ।

## खण्ड ३
## दाता बर्गिकरण, नामाङ्कन र योगदान अभिलेख

४. विधानको धारा ३६.६ अनुसार चुम्लुङदेनमा दाताहरुको नामाङ्कन देहाय बमोजिम रहने छ।
४.१ ३७५ देखि ४९९ पाउण्ड कास्य (Bronze)
४.२ ५०० देखि ९९९ पाउण्ड रजत (Silver)
४.३ १००० देखि २९९९ पाउण्ड सम्म स्वर्ण (Gold)
४.४ ३००० देखि वा सोभन्दा बढी भएमा हिरक (Diamond)

५ चुम्लुङदेनमा शेयर धारकहरुको नामाङ्कन देहाय बमोजिम रहने छ।
५.१ हिरक, स्वर्ण, रजत र अन्त्यमा कास्य बर्गको दाताहरुको नामङकन गरीन्नेछ।
५.२ हरेक बर्गको दाताहरुको नामाङ्कन योगदान दिएको मिति र रकमको आधारमा राखिन्ने छ तर मिति र रकम एउटै भएमा अंग्रेजी भाषाको बर्णमालाको शुरुको अक्षरबाट गरीन्ने छ।
५.३ नामाङ्कन गरी सकिए पछी रकम थप गारीएमा वा रकम योगदान गरीएमा अभिलेख पुस्तिकामा लेखिन्ने छ।
५.४ चुम्लुङदेनमा दाताहरुको नाम किरात याक्थुङ चुम्लुङ यु.के केन्द्रीय कार्यसमितिको निर्णय बमोजिम उपयुक्त स्थानमा आगन्तुक सबैले देख्न र पढ्न सक्ने स्थानमा राखिने छ।
५.५ चुम्लुङ देनको लागि ३७५ पाउण्ड भन्दा कम रकम प्रदान गर्ने दाताहरुको नाम चुम्लुङदेन अभिलेख पुस्तिकामा मात्र लेखिन्ने छ।
५.६ दातावाला श्रीमान र श्रीमती दुवैजनाको नाम लेखिन्ने छ तर नाम लेख्दा दातावालाको निर्णय बमोजिम श्रीमान् र श्रीमतीको नामलाई समाबेश गरि लेखिन्ने छ।

## खण्ड ४
## चुम्लुङदेन दाताहरुको अधिकार कर्तब्य तथा सुविधाहरु

६. चुम्लुङदेन दाताहरुको अधिकार देहाय बमोजिम हुने छ।
६.१ चुम्लुङदेनमा गरिन्ने बिकाश निर्माण योजना तय गर्नको लागि आयोजित बैठकमा भाग लिन पाउने अधिकार रहनेछ।

६.२ चुम्लुङदेन धितो राख्ने वा बिक्रि गरी अन्यत्र सार्न परे आफ्नो मत प्रकट गर्न पाउने अधिकार रहने छ।

६.३ दफा ६.२ बमोजिम गर्न परे चुम्लुङदेन दाताहरुको ६६% (छैंसठी) प्रतिसत मतको आवस्यक रहने छ।

६.४ किरात याक्थुङ चुम्लुङ यु.के केन्द्रीय कार्यसमितिले कमसेकम २ (दुई) महिना अगावै दफा ६.१ दफा ६.५ बमोजिमक बैठकको निमन्त्रणा गर्नु पर्नेछ । निमन्त्रणा ईमेल मार्फत गरिन्ने छ । ईमेल नभएका दाताहरुलाई सम्बन्धित शाखाहरुले जानकारी गराउनु पर्नेछ । ६.३ बमोजिमको ६६ प्रतिसत पहिलो बैठकमा उपस्थित हुन नसके दोश्रो बैठक बोलाउनु पर्ने छ दोश्रो बैठकमा पनि उल्लेखित प्रतिशत दाताहरुको अनुपस्थित रहे उक्त बैठकको उपस्थितिको बहुमतले निर्णय गर्ने छ।

७. चुम्लुङदेन दाताहरुको कर्तब्य देहाय बमोजिम हुनेछ।

७.१ चुम्लुङदेनका बारेमा किरात याक्थुङ चुम्लुङ यु.के. केन्द्रीय कार्यसमितिले निमन्त्रणा गरेको हरेक बैठकहरुमा उपस्थित हुनु पर्नेछ।

७.२ चुम्लुङदेनमा हुने बिभिन्न गतिविधिहरुका बारेमा चासो तथा जानकारी लिनु पर्नेछ।

७.३ बैठकमा उपस्थित हुनु नसकेमा बैठकका निर्णयहरु स्वीकार गर्नु पर्नेछ।

७.४ बैठकले गरेका निर्णयहरु पालना गर्दै सफल पार्न सहयोग गर्नु पर्नेछ।

८. चुम्लुङदेन दाताहरुले चुम्लुङदेनमा निम्न सुविधाहरु पाउनेछन।

८.१ चुम्लुङदेनमा किरात याक्थुङ चुम्लुङ युकेले आयोजना गरेका कार्यक्रमहरुको प्रबेश शुल्क ५०% (पचास) प्रतिशत मिन्हा हुनेछ।

८.२ चुम्लुङदेनमा लिम्बु संस्कार संस्कृति संग सम्बन्धित कार्यक्रमहरु आयोजना गर्न परे त्यस्ता कार्यक्रमको लागि १५%(पन्द्र) प्रतिशत छुट दिईनेछ, तर यो छुट अन्य तथा निजी कार्यक्रमहरु आयोजना गर्दा लागु हुने छैन।

८.३ दफा ८.१ दफा ८.२ र दफा ८.३ बमोजिमको सुबिधा चुम्लुङ देन दाताहरु वा निजको परीवारका लागि मात्र लागु हुनेछ। अन्यका लागि दाताको नाममा बुक गरि प्रयोग गर्न पाईने छैन।

८.४ संस्था वा समुहले प्रदान गरेको रकम बिना शर्तको लागि अनुदानको रुपमा लीइनेछ। अनुदान दिने सस्थाहरुको नाम शिला लेखमा अंकित गरिन्ने छ।

## खण्ड ५

## किरात याक्थुङ चुम्लुङ यु.के. लिमिटेडका बोर्ड अफ डाईरेक्टरहरु

९. चुम्लुङदेनलाई किरात याक्थुङ चुम्लुङ यु.के लिमिटेडको नाममा दर्ता गरीएको छ। किरात याक्थुङ चुम्लुङ यु.के लिमिटेडका निर्देशक र सचिब देहाय बमोजिम नियुक्त हुनेछन।

९.१ किरात याक्थुङ चुम्लुङ यु.केको केन्द्रीय महाधिबेशनबाट निर्बाचित किरात याक्थुङ चुम्लुङ यु.के केन्द्रीय कार्यसमितिका पदाधिकारीहरु किरात याक्थुङ चुम्लुङ यु.के लिमिटेडको डाइरेक्टर हुनेछन। कियाचु युकेको महासचिब बोर्ड अफ डाईरेक्टरमा सचिब रहने छ तर त्यस्ता पदाधिकारीले चुम्लुङदेनका लागि न्यनतम ३७५ पौण्ड योगदान दिएको हुनु पर्ने छ तर न्युनतम योगदान नदिने व्यक्ति जुनसुकै पद ग्रहण गरे पनि चुम्लुङदेनको निर्देशक हुने छैन।

९.२ महासचिब चुम्लुङ देनको दाता नभएको खण्डमा सचिबले चुम्लुङ युके लिमिटेडको सचिबको रुपमा काम गर्नु पर्ने छ, त्यस्तै गरि सचिब पनि चुम्लुङ देन को दाता नभए स-सचिबले गर्नु पर्ने छ। उल्लेखित तिनै जनाको योग्यताले नभ्याएमा केन्द्रीय पदाधिकारीहरुको निर्णयमा कुनै एकजनाले सचिबको रुपमा काम गर्नु पर्ने छ।

१०. चुम्लुङ देन किरात याक्थुङ चुम्लुङ यु.के लिमिटेडका निर्देशकहरुको काम कर्तब्य र अधिकार Memorandum and Article of Association मा उल्लेख गरीएको अलावा देहाय बमोजिम हुनेछ।

१०.१ चुम्लुङदेनको नियमित संचालन गर्ने, आबश्यक परेको खण्डमा चुम्लुङदेन संचालनका लागि ब्यबस्थापन समिति गठन गर्ने।

११.२ आबश्यक परेमा चुम्लुङदेनको बिकाश निर्माणका लागि सम्बन्धित विषयका ज्ञाताहरु नियुक्त गर्ने ।

१०.३ चुम्लुङदेनको समग्र बिकाशको लागि नीति तथा कार्यक्रम तयार गरी सम्पूर्ण दाताहरु समक्ष प्रस्तुत गरी पारित भए बमोजिमको काम अघि बढाउने।

## खण्ड ६

## चुम्लुङदेन कोष सन्चालनका प्रकृयाहरु

११. चुम्लुङदेन संचालनको लागि अलगै बैंक खाता संचालन गरिन्ने छ।

११.१ कोष संचालन विधानको धारा २७.५.२ अनुसार किरात याक्थुङ चुम्लुङ यु.के. केन्द्रीय कार्यसमितिका कोषाध्यक्ष, केन्द्रीय अध्यक्ष र महासचिब मध्ये कुनै दुईको अनिबार्य हस्ताक्षर रहनु पर्ने छ। तर उक्त कोष सह-कोषाध्यक्षको रेखदेखमा रहेको भए Bord of directors को निर्णयमा कोषाध्यक्षको को सट्टा सह-कोषाध्यक्षको हस्ताक्षर राख्न सकिने छ।

११.२ चुम्लुङदेन खातामा चुम्लुङदेनका लागि प्राप्त अनुदानहरु र चुम्लुङदेनका लागी भनेर सम्पन्न गरीएको कार्यक्रमहरु बाट प्राप्त रकम जम्मा गरिन्ने छ ।

११.३ खाताबाट केन्द्रीय कार्यसमितिको निर्णय बिना कुनै पनि रकम निकासा गर्न पाउने छैन ।

११.४ केन्द्रीय कार्यसमितिले राय मागेमा १ महिना भित्र शाखा चुम्लुङको बैठक बसी निर्णय दिनु पर्ने छ । बहुमत शाखाहरु बाट १ महिना भित्र कुनै निर्णय नआएमा केन्द्रीय कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

११.५ बिभिन्न शाखाहरुको फरक फरक निर्णयहरु आएको अबस्थामा बहुमत शाखाहरुको निर्णय बमोजिम गर्नु पर्नेछ । शाखाहरुमा बरावर मत भएमा केन्द्रीय कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

## खण्ड ७

## चुम्लुङदेन बिकाश निर्माणका लागि ठेक्कापट्टा दिने प्रकृयाहरु

१२. चुम्लुङदेनमा गरिन्ने निर्माण कार्यहरु सम्पन्न गर्दा देहाय बमोजिम गरिन्ने छ ।

१२.१ चुम्लुङदेनमा के निर्माण गरिन्ने हो, कसरी गरिन्ने हो, कस्ता सामग्रीहरु प्रयोग गरिन्ने हो र त्यसका लागि कति रकम खर्च लाग्ने हो । यो सम्पुर्ण कार्यविधिको लागि केन्द्रिय कार्यसमितिको बैठकले निर्णय गरे पछि मात्र चुम्लुङदेन बिकाशको लागि काम गर्नु पर्ने छ र उक्त निर्णयको सम्पुर्ण बिबरण शाखा मार्फत दाताहरुलाई जानकारी गराउनु पर्ने छ ।

१२.२ दफा १२.१ बमोजिम पारीत भएको निर्णय कार्यकालागि बिभिन्न निर्माण कम्पनिहरु समक्ष बोलपत्र आब्हान गर्नु पर्नेछ । बोलपत्र आह्वानको सुचना सामाजिक सञ्जाल, संस्थाको वेबसाइट तथा सम्बन्धित कम्पनीको ईमेलमा वा व्यक्तिगत सम्पर्कको माध्यमबाट गर्न सकिनेछ ।

१२.३ बोलपत्र छनौट गर्दा सबै भन्दा कम लागतको छनौट गरीनु पर्नेछ । तर निर्देशकहरुले आबश्यक ठानेमा कुन कम्पनीको बोलपत्र सहि हो भन्ने निर्णय गर्न सम्बन्धित बिषयमा ज्ञान रहेका व्यक्तिहरु सम्मिलित बोलपत्र छनौट समिति गठन गर्न सक्ने छ ।

१२.४ कुनै पनि कम्पनिलाई नियुक्त गर्दा ठेक्का पट्टा का लागि आवस्यक करारपत्र तयार गरी काम सुरु गर्नु अघि दुवैबाट हस्ताक्षर् गरीनु पर्नेछ । करार पत्रमा काम सम्पन्न गरी सक्ने मिति, कुल रकम निकाशा कति किस्तामा गरिन्ने, रकम भुक्तानी कहिले कहिले गर्ने, इन्सोरेन्स सम्बन्धि, सम्झौता बमोजिमको काम सम्बधित कम्पनिले गर्न नसकेमा वा तोकिएको मितिमा नासकीएमा त्यसको क्षति पूर्ति के कति र कसरी भर्नु पर्ने सो उल्लेख गारीन्नु पर्नेछ ।

## खण्ड ८

## चुम्लुङदेनको आम्दानी

१३. चुम्लुङदेनमा आयोजना गरिन्ने कार्यक्रमहरु बाट आएको मुनाफालाई निम्न बमोजिम प्रयोग गरिन्ने छ ।

१३.१ आम्दानीको ५०% (पचास) प्रतिशत चुम्लुङदेन मर्मत संभार तथा बिकाशका लागि प्रयोग गरिने छ ।

१३.२ २५% (पचिस) प्रतिशत सदस्यहरुको सहयोगको लागि सदस्य कल्याणकोषमा जम्मा गरिन्ने छ ।

१३.३ २५% (पचिस)प्रतिशत चुम्लुङको बिभिन्न क्रियाकलाप तथा मशलन्द खर्चमा प्रयोग गरिन्ने छ।

१३.४ चुम्लुङ युके बाहेक अन्य संस्था वा व्यक्तिहरुले चुम्लुङदेन प्रयोग गरे बापत मर्मत सम्भारको लागि उठाइएको सबै शुल्क चुम्लुङ देन खातामा रहने छ।

१३.५ चुम्लुङदेनमा आयोजना गरिएको कार्यक्रमहरुमा लागेको लगानी चुम्लुङ युकेको मुख्य खाता बाट निकालिएको भए उक्त लगानी सम्बन्धित खातामा जम्मा गरे पछि रहेको मुनाफा मात्र माथिको दफा १३.१, २ र ३ अनुसार भाग बण्डा गर्नु पर्ने छ।

## खण्ड ९
## चुम्लुङदेन बुक गर्ने सम्बन्धमा

१४. चुम्लुङदेन वा चुम्लुङ हिम बुकिङ देहाय बमोजिम गरिन्ने छ।

१४.१ चुम्लुङदेन वा हिम बुकिंङ गर्दा प्रति घण्टाको दरले शुल्क लिनु पर्ने छ, शुल्कको बारेमा केन्द्रीय पदाधिकारीहरुले समय सापेक्ष निर्णय गरि शुल्क तोक्ने छ।

१४.२ चुम्लुङदेन वा हिम चलाए बापत शुल्क लिदा कार्यक्रमको प्रकार (Nature of programme) हेरि शुल्क लिनु पर्ने छ।

१४.३ चुम्लुङदेन वा हिम बुकिंङ गर्दा चुम्लुङ देनको लागि £५०० र हिमको लागि £२५० डिपोजिट लिनु पर्ने छ।

१४.४ पेय पदार्थ बेच बिखनको लागि स्थानीय काउन्सिल बाट अनुमति पत्र लिएको जाँचबुझ गरेर मात्र कार्यक्रम सन्चालन गर्न दिनु पर्ने छ।

१४.५ चुम्लुङदेन वा हिम बुक गर्दा अनुसूची २ बमोजिम को फारम भरी बुझाउनु पर्नेछ।

१४.६ बुकीङ First come First basis मा हुनेछ।

## खण्ड १०
## संसोधन तथा खारेजी

१५. यो नियमावली किरात याक्थुंङ चुम्लुङ युके केन्द्रीय कार्यसमितिको बहुमतले संसोधन गर्न सक्ने छ।

१६.यो नियमावली बिधान वा युकेको प्रचलित कानुन संग बाझिए बाझिएको हद सम्म स्वत:खारेज भएको मानिने छ।

# अनुसुची १

## चुम्लुङदेन दाता कार्ड

## Chumlungden card




**चुम्लुङदेन दाता पत्रको अगाडी भागको परिभाषा:**

चुम्लुङदेन दाता पत्रको माथि र तलको भागमा चुम्लुङलाई प्रतिनिधि गर्ने निलो रंगको फराकिलो धर्का, माथिल्लो भागमा देब्रेमा नेपाल र दाहिनेमा यूकेको झण्डा र बिच भागमा तिन भाषामा कियाचु यूकेको नाम, मध्य भागको देब्रेमा सदस्यको फोटो र बारकोड, बिचमा सदस्यको बिवरण, दाहिनेमा कियाचु यूकेको छाप, पृष्टभुमिको बिचमा चुम्लुङदेनको फोटो र परिचय पत्रको पृष्ट भुमिमा तिन भाषाको छड्के दिशामा लेखिएको सँस्थाको पुरा नाम रहेको छ।




**चुम्लुङदेन दाता पत्रको पछाडी भागको परिभाषा**

चुम्लुङदेन दाता पत्रको माथि र तलको भागमा चुम्लुङलाई प्रतिनिधि गर्ने निलो रंगको फराकिलो धर्का, माथिल्लो भागमा लहरै याक्थुङ/लिम्बुहरुको मौलिक तथा सिलाम साक्मा लोगोहरु, तल्लो भागमा कियाचु यूकेको आधिकारी सम्पर्कको बिवरण अंग्रेजीमा, पत्रको पृष्ट भुमिको बिचमा चुम्लुङदेनको फोटो र परिचय पत्रको पृष्ट भुमिमा तिन भाषाको छड्के दिशामा लेखिएको सँस्थाको पुरा नाम रहेको छ।

# अनुसूची २
# मैदान वा हिम बुकीङ फारम


ᤁᤡᤖᤠᤳ ᤕᤠᤰᤌᤢᤱ ᤆᤢᤶᤗᤢᤱ ᤕᤢᤁᤧ [illegible]

KIRAT YAKTHUNG CHUMLUNG UK, CENTRAL EXECUTIVE COMMITTEE

किरात याक्थुङ चुम्लुङ यूके, केन्द्रीय कार्यसमिती

13 Lakeen Road, Intake, Doncaster, DN2 5HA, Phone: 07548475999, E-mail: nbangbo@gmail.com
www.chumlunguk.org, Reg No: 7867712

ESTD: 2003


BOOKING NO. 00.........

## CHUMLUNGDEN/HIM BOOKING FORM

**The person completing this form must be over 21 years old and shall be deemed responsible for the premises and its facilities as named Hirer**

**HIRERS DETAILS**

**Booking Reference Number:**

| | |
|---|---|
| **FULL NAME** | |
| **ADDRESS** | |
| **TYPE OF EVENT** | |
| **NUMBER OF ATTENDING** | |
| **TELEPHONE NO** | |
| **DATE** | |
| **DAY** | |
| **TIME** | |
| **E-mail** | |

**FACILITIES REQUIRED**

| LOCATION | SN | HOURS | PER HOUR RATE | TOTAL AMOUNT |
|---|---|---|---|---|
| CHUMLUNG HIM | 1 | | £40 | |
| FULL GROUND | 2 | | £100 | |
| PART OF THE GROUND | 3 | | £50 | |
| DEPOSIT | 4 | | Up to £500 Depending on event | |
| CHUMLUNGDEN MEMBERS ONLY | 5 | | Discretionary discount | |
| | Maintenance cost rates available on request \| KEY DEPOSIT | | | |

**Method of Payment**

**Cheques £…………………… Cash £……………………………. Online £…………………………….**

**HOW TO PAY**

The person completing the form must be over 21 years old and shall be deemed responsible for the premises and its facilities as the named hirer.

Payment: The hire fee and deposit must be paid in advance and the following option can be used for payment;

Cheque: Two cheques are required, one for the hire charge and another for the deposit. The cheque should be made payable to Kirat Yakthung Chumlung UK and sent with the form to the Chumlungden Pramukh.

Online: Payment can be made to KYC UK LTD | SORT CODE: ……………………………….AC NO: ……………………………….. (Bank Details)

Cash: A cash payment can be made to Chumlungden Pramukh. Upon payment, please take a receipt. Please note that submitting this form does not guarantee your event. Your space will only be reserved once full payment is received at least 2 weeks prior to the event. The deposit cheque will be destroyed (if cheque provided) after the event subject to the conditions of hire being met. User will receive booking confirmation by phone or email once everything is in place.

**Should you have any questions relating to this booking then please use Email to contact the Chumlungden who will respond by return**

**You can contact us by email:**
**Email: chumlungdenuk@gmail.com | chumlunguk.org@gmail.com**
**I have read the terms and conditions (Supplied) and agree to abide by them.**

**User's signature: ………………………………………… Date: ………………………**

# अनुसूची ३

## चुम्लुङदेन दाताको प्रमाण पत्र

KIRAT YAKTHUNG CHUMLUNG UK

# CERTIFICATE OF CONTRIBUTOR

**This Certificate is Presented to**

**MR/MS/MRS ...............................................**

**CONTRIBUTOR NO: 0000 A/B**

**FOR:**

**In recognition of the outstanding contribution for Chumlungden and paid the sum of £0000 - 00 as a Diamond | Gold | Silver member. This certificate is issued pursuant to and subject to all conditions and KYC UK Constitution & Regulations.**

**With Congratulations and sincere thanks**

VENUE:
KYC UK, Chumlungden, Yalding, Maidstone, Kent, England, UK
Date: DD |MM | YYYY

This Certificate is required as proof of contributor and should be maintained for your records

**किरात याक्थुङ चुम्लुङ यूके केन्द्रीय कार्यसमिती**

PRESIDENT | KYC UK

GEN SECRETARY | KYC UK

## किरात याक्थुङ चुम्लुङ यु.के पुरस्कार (Award) सम्बन्धि नियमावली

किरात याक्थुङ चुम्लुङ युकेको उदेश्य प्रप्तिकालागी बिबिध बिधामा महत्वपुर्ण योगदान पुर्याउने बिशिस्ट याक्थुङबा/याक्थुङमाहरुलई पुरस्कृत गर्न चुम्लुङको बिधानमा ब्यबस्थित बिभिन्न ३ अवार्डहरुलाई ब्यबस्थापन तथा सहि र निस्पक्ष ढंगले प्रदान गर्नका निमित्त अवार्ड सम्बन्धि नियमावली २०१९ लाई किरात याक्थुङ चुम्लुङ युके को बिधान २००३ छैटौं सम्सोधित २०२२ बमोजिम किरात याक्थुङ चुम्लुङ यु.के. पुरस्कार सम्बन्धि नियमावोली लाई दोश्रो पटक सम्सोधन गरि लागु गरिएको छ।

### <u>खण्ड १</u>
### <u>नाम तथा प्रारम्भ</u>

१. नाम: यो नियमावलीको नाम किरात याक्थुङ चुम्लुङ यु.के पुरस्कार (Award) सम्बधि नियमावली २०१९ रहनेछ। यो नियमावलीको सन्क्षिप्त नाम अवार्ड सम्बन्धि नियमावली रहनेछ।

२.  प्रारम्भ: यो नियमावली किरात याक्थुङ चुम्लुङ यु.के को १०औ केन्द्रीय कार्य समितिको बैठकले पारीत गर्ने साथ लागु हुनेछ।

### खण्ड २
### परिभाषा

३. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागे सम्म यो नियमावलीमा

३.१ "पुरस्कृत व्यक्ति" भन्नाले किरात याक्थुङ चुम्लुङ यु.केले बिभिन्न पुरस्कारका लागि छनौट गरेका व्यक्तिलाई बुझाउनेछ।

३.२ "पुरस्कार वा अंग्रेजीमा "Award" भन्नाले किरात याक्थुङ चुम्लुङ यु.केले प्रदान गर्ने पुरस्कारलाई बुझाउने छ।

३.३ "प्रमाण पत्र" भन्नाले अनुसूची बमोजिमको चुम्लुङले पुरस्कृत व्यक्तिलाई दिईने प्रमाण पत्रलाई बुझाउने छ।

३.४ "कार्यसमितिका पदाधिकारी" भन्नाले अध्यक्ष देखि सह-कोषाध्यक्ष सम्मको पद धारण गरेको व्यक्तिहरुलाई बुझाउने छ।

### खण्ड ३
### नाम सिफारिश गर्ने कार्यविधि

४. अवार्डको लागि योग्य व्यक्तिको नाम सिफारीश देहाय बमोजिम गरिन्ने छ ।

४.१ सिसेक्पा तङनाम वा महाआधिबेशन तोकिएको मितिले २ महिना अघि देखि सिसेक्पा तङनाम

वा महाधिबेशनको तोकिएको १५ दिन बाकी रहन्दा सम्मको अवधि भित्र पुरस्कारको लागि योग्य सदस्यको नाम केन्द्रीय पदाधिकारी र शाखा समितिले तोकिएको फारम भरी सिफारीश गर्नु पर्ने छ।

४.२ तोकिएको अवार्डहरुको लागि शाखा चुम्लुङ क्षेत्रमा बसोबास गर्ने सदस्यलाई अवार्डका लागि सिफारीस गर्नु पर्ने छ।

४.३ तोकिएको समय भित्र नाम पेश गर्नु पर्नेछ। समय अवधि भित्र केन्द्रीय कार्यसमिति समक्ष आई नपुगेको आबेदनलाई समाबेश गरिन्ने छैन।

४.४ आबेदन पठाउदा किरात याक्थुङ चुम्लुङयु.केको आधिकारीक ईमेल chumlunguk.org@gmail.com मा र अध्यक्ष र महासचिबलाई निजहरुको व्यक्तिगत ईमेलमा कपि गरी पठाउनु पर्नेछ।

४.५ टेक्स्ट, भाईबर, फोन वा अन्य माध्यमबाट पठाईएको आबेदनलाई स्वीकार गरिन्ने छैन।

४.६ आबेदन प्राप्त भएपछी त्यसको जबाफ सम्बन्धित सिफारीस गर्ने शाखालाई ईमेल बाटै गरीनु पर्नेछ।

४.७ एकै व्यक्तिको एक भन्दा बढी आबेदन फारम आएमा ति मध्येको सबै भन्दा सहि र बिस्तृत बिबरण भएको आबेदनलाई समाबेश गरिन्ने छ।

४.८ किरात याक्थुंङ चुम्लुङ युके भन्दा बाहिर गरेका योगदानहरुलाई मुल्यांकन गरिन्ने छैन।

४.९ कुनै पनि अवार्डहरुको लागि एक शाखा वा क्षेत्रले अर्को शाखा वा क्षेत्रको सदस्यहरुलाई सिफारिस गर्न पाउने छैन।

४.१० एक व्यक्तिलाई कुनै एक अवार्डका लागि मात्र सिफारिस गर्न सकिनेछ।

## खण्ड ४
## पुरस्कृत हुने व्यक्तिको योग्यता

५ पुरस्कारका लागि छनौट मा पर्ने व्यक्तिको योग्यता देहाय बमोजिम हुनेछ।

५.१ किरात याक्थुङ चुम्लुङ यु.केको सक्रिय सदस्य हुनु पर्नेछ।

५.२ सम्बन्धित पुरस्कार प्राप्त नगरेको सदस्य हुनु पर्नेछ।

५.३ बर्तमान केन्द्रीय कार्यसमिति, केन्द्रीय सल्लाहकार र शाखा समितिको कुनै पनि सदस्यहरुलाई यी अवार्डहरुको लागि समाबेश गरिन्ने छैन।

५.४ पुरस्कारको लागि मनोनित व्यक्ति बेलायतमा स्थायी रुपमा बसोबास गरेको हुनु पर्ने छ।

५.५ चुम्लुङको बिषयलाई लिएर बिबादमा मुसिएको सदस्यलाई उहाको बिबादित बिषय छिनोफानो नभइन्जेल कुनै पनि अवार्डको लागि मनोनयन स्वीकार्य हुने छैन।

## खण्ड ५
## पुरस्कृत व्यक्तिको छनौट तथा बितरण

६. बिधानको धारा ३७.३.२ अनुसार सम्पुर्ण पुरस्कारहरुको निर्णय केन्द्रिय पदाधिकारीले गर्ने छ। आबश्यकता अनुसार सम्पुर्ण पुरस्कारहरुको लागि सिफारिस गरि पठाईएको बिबरण चुम्लुङ युकेको महासचिवले पढेर प्रस्तुत गर्नु पर्ने छ।
६.१ श्री जंङगा अवार्ड चुम्लुङ युकेको केन्द्रीय महाधिबेशनमा प्रदान गरिन्छ भने चुम्लुङ अवार्ड र यलम्बरहाङ अवार्डहरुलाई सिसेक्पा तँङनाममा प्रदान गरिन्छ।

## खण्ड ६
## अवार्ड स्थापना तथा प्रदान

७. किरात याक्थुङ चुम्लुङ युकेको उदेश्य प्राप्तिको लागी बिभिन्न व्यक्तित्वहरुलाई सम्मानित गर्न बिभिन्न अवार्ड हरु स्थापना गर्न सक्नेछ।
७.१ अवार्डका लागि ब्यबस्था गरीएको शिल्ड हराएमा वा टुटफुट भएमा त्यसको मर्मत वा सट्टा केन्द्रीय कार्यसमितिको निर्णय बमोजिम हुनेछ।
७.२ पुरस्कृत व्यक्तिलाई प्रदान गरिन्ने अवार्ड बार्षिक भए १ बर्षका लागि र त्रैबार्षिक भए ३ बर्षको लागि पुरस्कृत व्यक्तिले आफु संगै राख्न पाउनेछन, तर यस समयमा अवार्ड हराएमा वा टुटफुट भएमा त्यसको मर्मत खर्च वा सट्टाभर्ना निजले गर्नु पर्नेछ।
७.३ अवार्ड हराई सट्टा गर्नु परेमा केन्द्रीय कार्यसमितिको निर्णय बमोजिम हुनेछ।
७.४ अवार्ड संग अनुसूची बमोजिमको अवार्ड प्रमाण पत्र प्रदान गर्नु पर्नेछ।

## खण्ड ८
## संशोधन तथा खारेजी

८. यो नियमावली केन्द्रीय कार्यसमितिको साधारण बहुमतले संशोधन गर्न सक्ने छ।

## अनुसूची १

# KIRAT YAKTHUNG AWARD - CERTIFICATE

KIRAT YAKTHUNG CHUMLUNG UK

KIRAT YAKTHUNG CHUMLUNG UK 2003

**CHUMLUNG AWARD - 2023**

**This certificate is presented to**

**MR/MRS**

**FOR:**

**In recognition of an outstanding contribution, Incredible time and commitment towards Kirat Yakthung Chumlung UK**

**With Congratulations and sincere thanks**

VENUE:

KYC UK, Chumlungden, Yalding, Maidstone, Kent, England, UK

Date: 15 JUL 2023

HONOR ACHIEVEMENT EXCELLENCE

**किरात याक्थुङ चुम्लुङ यूके केन्द्रीय कार्यसमिती**

**PRESIDENT | KYC UK** | **CHIEF GUEST** | **GEN SECRETARY | KYC UK**

## अनुसूची २

# KIRAT SIRIJANGA AWARD - CERTIFICATE

**KIRAT YAKTHUNG CHUMLUNG UK**

# KIRAT SIRIJANGA AWARD 2024

**This certificate is proudly presented to**

**MR/MRS/MS**

**FOR:**

**In recognition and sincere appreciation of outstanding loyalty and commitment toward Limbu's language and literature in the Limbu society and KYC UK.**

**With Congratulations and sincere thanks**

VENUE:
KYC UK, Chumlungden, Yalding, Maidstone, Kent, England, UK
Date: DD MM YYYY

**किरात याक्थुङ चुम्लुङ यूके केन्द्रीय कार्यसमिती**

**PRESIDENT | KYC UK**

**GEN SECRETARY | KYC UK**

# अनुसूची ३

# YALAMBAR HANG AWARD - CERTIFICATE

KIRAT YAKTHUNG CHUMLUNG UK

# YALAMBAR HANG AWARD 2023

**This certificate is presented to**

**MR/MRS**

**FOR:**

**In recognition of the outstanding contribution and incredible time towards organising the Yalambar Hang Cup Tournament.**

**With Congratulations and sincere thanks**

VENUE:

KYC UK, Chumlungden, Yalding, Maidstone, Kent, England, UK

Date: 15 JUL 2023

किरात याक्थुङ चुम्लुङ यूके केन्द्रीय कार्यसमिती

| | | |
|---|---|---|
| Mr. Narbir Angbo Limbu | Mr/Mrs/Ms | Mr. Jurendra Khajum Limbu |
| **PRESIDENT \| KYC UK** | **CHIEF GUEST:** | **GEN SECRETARY \| KYC UK** |

अनुसूची ४

# ARTIST OF THE YEAR - CERTIFICATE



KIRAT YAKTHUNG CHUMLUNG UK

KIRAT YAKTHUNG CHUMLUNG UK 2003

## ARTIST OF THE YEAR - 2023

**This certificate is presented to**

**MR/MS/MRS**

**FOR:**

**Recognition for outstanding contributions and promotion of Limbu culture and tradition through the entertainment industry.**

**With Congratulations and sincere thanks**

VENUE:

KYC UK, Chumlungden, Yalding, Maidstone, Kent, England, UK

Date: 15 JUL 2023

ACHIEVEMENT EXCELLENCE HONOR

**किरात याक्थुङ चुम्लुङ यूके केन्द्रीय कार्यसमिती**

PRESIDENT | KYC UK — CHIEF GUEST: — GEN SECRETARY | KYC UK

किरात याक्थुङ चुम्लुङ यु.केको बिधान सम्सोधन गर्नु परेको खण्डमा केन्द्रीय कार्यसमिति द्वारा बिधान मस्यौदा समिति खडा गर्नु पर्ने छ। उक्त समितिले आबश्यक सम्सोधन गर्नु पर्ने बुदाहरु संकलन गरि महाधिवेशनमा पेश गर्नु पर्ने छ। कुनै पनि कारणले सम्सोधन गर्नु पर्ने बुदाहरुमा छलफल गर्न नपाउने स्थिति आएको खण्डमा बिधान सभाको आयोजना गर्नु पर्ने छ। बिधान सभा आयोजना गर्नु परेको खण्डमा बिधान सभाको कार्य संचालन एबम ब्यबस्थापन गर्नका लागी किरात याक्थुङ चुम्लुङ यु.केको कार्यसमितिद्वारा निम्न बमोजिम बिधान सभा नियमावली पारीत गरी लागु गरीएको छ।

## खण्ड १

१. नाम: यो नियमावलीको नाम किरात याक्थुङ चुम्लुङ युके बिधान सभा सम्बन्धी नियमावली २०२० रहनेछ।

२. प्रारम्भ: यो नियमवोली किरात याक्थुङ चुम्लुङ युकेको केन्द्रीय कार्यसमितिको बहुमतले निर्णय गर्ने बितिकै लागु हुनेछ।

## खण्ड २

३ . परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागे सम्म यो नियमावलीमा

३.१ "संयोजक" भन्नाले किरात याक्थुङ चुम्लुङ यु.केको केन्द्रीय कार्यसमितिले बिधान सम्सोधन प्रस्ताब मस्यौदा तथा सभा संयोजन गर्न जिम्मेवारी तोकेको व्यक्तिलाई बुझाउनेछ।

३.२ "बिधान सभा" किरात याक्थुङ चुमलुङ यु.केको केन्द्रीय कार्यसमितिले बिधान सम्सोधन गर्नको लागि आयोजना गरेको सभालाई बुझाउनेछ।

३.४ "एकबचन" शब्दले बहुबचनलाई समेत बुझाउने छ।

३.५ "पुलिङगी" शब्दले स्त्रिलिंगी शब्दलाई समेत बुझाउनेछ।

## खण्ड ३

४. बिधान सभामा देहाय बमोजिमको सहभागिता रहनेछ।

४.१ केन्द्रीय कार्य समितिको पधाधिकारीहरु एवम सदस्यहरु

४.२ शाखा चुम्लुङका पदाधिकारी एवम सदस्यहरु

४.३ केन्द्रीय कार्य समितिले नियुक्ति गरेका क्षेत्रीय प्रतिनिधिहरु

४.४ केन्द्रीय कार्य समितिले नियुक्ति गरेका विभागीय प्रमुखहरु

४.५ शाखा चुम्लुङका सल्लहाकारहरु

४.६ किरात याक्थुङ चुम्लुङ युके को सकृय पंजीकृत सदस्यहरु, आजिबन तथा संरक्षक सदस्यहरु

४.७ बिधान सभामा निस्कृय पंजीकृत सदस्यहरुले सहभागी हुन पाउने छैन।

## खण्ड ४

५. बिधान सभाको कार्य संचालन देहाय बमोजिम हुनेछ।
५.१ बिधान सभाको आयोजना केन्द्रीय कार्यसमितिले गर्नेछ।
५.२ बिधान सभाको अध्यक्षता केन्द्रीय अध्यक्षले गर्नेछ
५.३ बिधान सभाको संचालन केन्द्रीय महासचिवले गर्नेछ।
५.४ बिधान सम्सोधन प्रस्तावको मस्यौदा प्रस्तुत बिधान संयोजकले गर्ने छ।
५.५ बिधान सम्सोधन प्रस्ताब सभामा छलफल पछि निर्णयको अन्तिम रुप बिधान संयोजकले तयार गरि सम्सोधित बिधानमा समावेश गर्ने छ।

## खण्ड ५

६. बिधान संसोधन छलफल तथा सुझाब संकलनको लागि देहाय बमोजिमको प्रक्रिया हुने छ
६.१ किरात याक्थुङ चुम्लुङ युकेको शाखा वा क्षेत्रहरुले बिधान सम्सोधनको लागि कुनै सुझावहरु भएमा केन्द्रिय महासचिब वा बिधान मस्यौदा समितिको संयोजकलाई ईमेल मार्फत पठाउनु पर्ने छ।
६.२ विधानको लागि पठाइएको सुझाबहरु संयोजकले तोकेको समयअवधि भित्र पठाई सक्नु पर्ने छ।
६.३ बिधान मस्यौदा समितिले केन्द्रीय कार्यसमिति संग सहकार्य गरि आबस्यक्ता अनुसार बिभिन्न क्षेत्र बिभाजन गरेर सुझाबहरु संकलन गर्न सक्ने छ।
६.४ सम्पुर्ण संकलित सुझाबहरु बिधान संयोजकले सभामा प्रस्तुत गर्ने छ।

## खण्ड ६

७. बिधान सभा आयोजना तथा छलफल देहाय बमोजिम हुनेछ।
७.१ बिभिन्न शाखा वा क्षेत्र बाट आएको सल्लाह र सुझावहरुलाई बिधान मस्यौदा समितिले गरेको संकलित सुझाब तथा प्रस्ताबहरु बिधान सभामा प्रस्तुत गर्नु अगाडि केन्द्रीय पदाधिकारीहरु संग अन्तिम छलफल गरि पारित भएका बुदाहरुलाई मात्र बिधान सभामा पेश गर्नु पर्ने छ।
७.२ बिभिन्न शाखा वा क्षेत्र बाट संकलित सल्लाह र सुझावहरुलाई विधानमा समाबेश गर्न नसकेको बुदाहरुलाई बिधान मस्यौदा समितिको संयोजकले कारण सहित सभालाई सम्बोधन गरि जानकारी गराउने छ।

**खण्ड ७**

८. बिधान संसोधन सभामा छलफल तथा निर्णयहरु देहाय  बमोजिम  हुनेछ।

८.१ कुनै बिषयमा सर्ब सम्मत हुन नसके अबस्थामा हात उठाएर मत व्यक्त गरिने छ।

८.२ बिधान सभामा उपस्थित कुल संख्याको ५१ % लाई बहुमत मानिने छ।

८.३ मत बराबर भएको अबस्थामा बिधान सभा अध्यक्षको मतलाई निर्णायक मत मानिने छ।

## अनुसूची १

मिति २१ जनवरी २०२३ मा बसेको केन्द्रीय कार्यसमितिको बैठकले शाखा संस्थापकको बारेमा निर्णय गरे अनुसार कियाचु यूकेको शाखाका स्थापना काल खण्डको पहिलो अध्यक्षलाई शाखा स्थापनाकालको अध्यक्ष र शाखा समितीका सदस्यहरु पनि सोही बमोजिम सम्बोधन गरिन्ने बैठकले निर्णय गरेको छ। छैठौं शंशोधित तथा परीमार्जित बिधान २०२२ को परीछेद ११, अनुसुची ५ र ७ अनुसार कियाचु यूकेको शाखाहरु देहाय बमोजिम रहेका छन् ।

| | |
|---|---|
| १. आसफोर्ड शाखा: | २९ अगष्ट २०१० |
| २. कियाचू युके वर्कसायर रेडिंङ शाखा: | २४ मे २०१४ |
| ३. कियाचू युके बेजिंङ्गस्टोक शाखा: | १५ अक्टोबर २०१३ |
| ४. कियाचू युके कान्टबुरी शाखा: | ११ मार्च २०११ |
| ५. कियाचू युके कोलचेस्टर शाखा: | १६ जनवरी २०१६ |
| ६. कियाचू युके डोङ्कास्टर शाखा: | १४ अप्रिल २०२० |
| ७. कियाचू युके फोल्कस्टोन शाखा: | १० अक्टोबर २०१० |
| ८. कियाचू युके ग्रेटर लन्डन जेष्ट शाखा: | १० डिसेम्बर २०१० |
| ९. कियाचू युके ग्रेटर रसमोर शाखा: | ११ सेप्टेम्बर २०१० |
| १०. कियाचू युके ग्रेटर लन्डन शाखा: | २९ अगष्ट २०१५ |
| ११. कियाचू युके अक्सफोर्ड शाखा: | १९ नोभेम्बर २०११ |
| १२. कियाचू युके स्वीन्डन शाखा: | १७ जुलाई २०१० |
| १३. कियाचू युके थोरोक शाखा: | १६ अक्टोबर २०१४ |
| १४. कियाचू युके वारविकसायर शाखा: | १९ नोभेम्बर २०११ |
| १५. कियाचू युके वेस्ट केन्ट शाखा: | २४ जुलाई २०११ |
| १६. कियाचू युके वेल्स शाखा: | २९ मार्च २०१० |
| १७. ईस्ट लण्डन क्षेत्र: | २० घर भन्दा कम्ती भएको क्षेत्र |
| १८. हाईवेकम क्षेत्र: | २० घर भन्दा कम्ती भएको क्षेत्र |

**नोट:**

किरात याक्थुङ चुम्लुङ युकेको नियमावलीको बाहिरी आवरणमा 'किरात याक्थुङ चुम्लुङ युकेको नियमावली २०१३ तेश्रो सम्सोधन तथा परिमार्जित नियमावली २०२० हुनु पर्नेमा, किरात याक्थुङ चुम्लुङ युकेको नियमावलि २०२१ तेश्रो सम्सोधन तथा परिमार्जित नियमावली २०२० हुन गएकोले यसलाई सच्याइएको छ साथै यो भन्दा अघिल्लो नियमावलीमा भुल बश संस्थाको गल्ति लोगो प्रयोग हुन गएकोले यो लोगोलाई पनि सच्याइएको छ र किरात याक्थुङ चुम्लुङ युकेको बिधान सभा सम्बन्धी नियमावली २०१३ लाई पनि सच्याई २०२० बनाइएको छ।

समाप्त